# तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जफे, दोलखा

बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८२/८३

च.न. ११८०

मितिः २०८३/०२/३१

ढुङ्गा, गिटी तथा बालुवा उत्खनन कार्य बन्द गर्ने सम्बन्धी सार्वजनिक सूचना ।

यस तामाकोशी गाउँपालिकाबाट गोपीखोला तामाकोशी दोभान क्षेत्र, ढोलीखोला तामाकोशी दोभान क्षेत्र तथा खिम्तीखोला तामाकोशी दोभान क्षेत्रमा आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत ठेक्का सम्झौता बमोजिम सञ्चालन भइरहेको ढुङ्गा, गिटी, बालुवा तथा नदीजन्य पदार्थ उत्खनन कार्य **मिति २०८३ साल जेठ मसान्तसम्म** मात्र सञ्चालन गर्न पाइने व्यवस्था रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का सम्झौताका शर्तहरू बमोजिम मिति २०८३ साल जेठ मसान्तपछि कुनै पनि प्रकारको उत्खनन, संकलन तथा ओसारपसार कार्य नगर्न, उत्खनन कार्य पूर्ण रूपमा बन्द गरी प्रयोगमा रहेका उपकरण तथा सामग्री व्यवस्थापन गर्न तथा उत्खनन गरिएका नदीजन्य पदार्थ तोकिएको स्थानबाट उठाई व्यवस्थापन गर्न सम्बन्धित पक्षहरूलाई सूचित गरिन्छ।

यस सूचनाको अवज्ञा गरी जेठ मसान्तपछि उत्खनन वा सम्बन्धित कार्य सञ्चालन गरेको पाइएमा प्रचलित कानून तथा सम्झौताका शर्तबमोजिम आवश्यक कारबाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

.................................

अर्जुन दर्जी

प्रमुख प्रशासकीय अधिकृत